**Volume 11, Issue 01, 2026. pp. 69–77**
Research Article

**Shodhmala**
शोधमाला

# डैडाँडा मण्डली : पूजा र लोकविश्वास

**मेजन पुन**
पत्रकार तथा अनुसन्धानकर्ता

**लेखसार**

परम्परागत विश्वास, मिथक, किम्वदन्ती र सांस्कृतिक रीतिरिवाजहरू पुस्तौँदेखि मौखिक परम्परामार्फत हस्तान्तरण हुँदै आएका छन्, जसले समुदायको मूल्य–मान्यता, इतिहास र सामूहिक पहिचानलाई प्रतिबिम्बित गर्दछ। आदिवासी समुदायहरूले आफ्नो वरपर रहेका डाँडा, तालतलैया, थुम्का तथा प्राकृतिक स्थलहरूलाई अदृश्य शक्तिको वासस्थान मानी पूजा गर्ने परम्परा अपनाएका छन्। मगर समुदाय बसोबास गर्ने गाउँठाउँका डाँडा, पाखा र पखेरामा पितृ तथा बायाका रूपमा थान स्थापना गरी तिनलाई गाउँका संरक्षक देवताका रूपमा मान्ने चलन रहेको छ। यस्ता धार्मिक–सांस्कृतिक अभ्यासहरूले समुदायको आस्था, सामाजिक एकता र परम्परागत ज्ञानको निरन्तरता सुनिश्चित गर्दछन्। राज्यस्तरबाट रैथाने संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धन पर्याप्त रूपमा हुन नसकेको अवस्थामा पनि स्थानीय स्रोत–साधन र सामुदायिक प्रयासमार्फत शालिजाको डैडाँडा मण्डली संरक्षण हुँदै आएको छ। यस अध्ययन पर्वत जिल्लाको जलजला गाउँपालिका–६, शालिजा गाउँमा बसोबास गर्ने मगर समुदायको सांस्कृतिक तथा धार्मिक महत्त्व बोकेको डैडाँडा मण्डली बजैको पूजा र लोकविश्वासमा केन्द्रित रहेको छ।

*मुख्य शब्दावली* : डैडँरा, मण्डली, शालिजा, फगामी, बायो, शक्तिपिठ

***Article History***
Received: 2025 October 28
Accepted: 2025 December 22

***Email***
mejanpun@gmail.com

***Cite***
Pun, M. (2026). डैडाँडा मण्डली: पूजा र लोकविश्वास. *Shodhmala* (*शोधमाला*), *11*(1), 69–77.

## विषय परिचय

परम्परागत विश्वास, मिथक, किम्वदन्ती र साँस्कृतिक रीतिरिवाजहरू पुस्तादर पुस्ता हस्तान्तरण भई आएको हुन्छ। यसले समुदायको मूल्यमान्यता, इतिहास र सामूहिक पहिचानको प्रतिविम्बको रूपमा कार्य गर्दछ। आदिवासीहरू आफ्नो वरपर रहेका अदृश्य शक्ति डाँडा, तालतलैया, थुम्काहरूमा पूजा गर्दछन्। आदिवासी मगर समाज बसोबास गर्ने गाउँठाउँका डाँडा, पाखा, पखेरीहरूमा पितृ, बायोहरूको रूपमा थान बनाएर पुज्ने चलन छ। उनीहरू तिनै थानका पितृ देउता, बायोहरूलाई आफ्नो गाउँको संरक्षकको रूपमा मान्दछन्। उनै देउता, बायोहरूको कृपाले गाउँठाउँमा रोगव्यधा नलाग्ने, लागे पनि छिट्टै निको पारिदिने, आफूले आँटेको सोचेको पूरा हुन्छ भन्ने विश्वास गर्दछन्। साथै स्मरण गर्नाले जीवन सुरक्षित र सुखमय रहने विश्वासका साथ विभिन्न समय, बार र जोक पारेर उनै पितृ देउता, बायोको पूजाआजा गर्ने गर्दछन्। विशेष जातीय साँस्कृतिक तथा धार्मिक मौलिक पहिचान बोकेको डैडँरा मण्डलीलाई शालिजा वरपर बसोबास गर्ने बासिन्दाहरू र यस स्थानबाट बसाइसराई गरि विभिन्न सहरहरूमा पुगेका व्यक्तिहरूले मात्र होइन यस भेग


Copyright©2026: Magar Studies Center

वरपर बसोबास गर्ने अन्य जातजातिले समेत विश्वासका साथ शक्तिपिठको रूपमा पूजा गर्दै आइरहेका छन्।

फगामीको बायो भनेर 'डैडाँडा मण्डली' लाई डैडाँरा बजै, 'देउतिनी बजै' भनेर पनि पुज्ने गरिन्छ। डैडाँडा पुज्ने कुरा सानैदेखि सुनिआएको थिएँ। म स्वयम् फगामीको सन्तान र फगामीको बायो डैडाँरा बजै भएर डैडाँडा पुज्ने बारे थाहा थियो। यस सम्बन्धी मेरो सम्पादकमा प्रकाशित पत्रिका फिमलामा प्रितिमाया पुर्जा पुन मगरको लेख फिमला (वर्ष ३, अङ्क ९, भदौं–कार्तिक २०६१) मा प्रकाशन गरेको थिएँ। यसैगरि महाविर पुन मगर प्रधान सम्पादक रहेर वि.सं. २०५८ सालमा प्रकाशन भएको पुन मगरका लोककथाहरू (भाग २) मा डैडाँडा मण्डलीबारे अध्ययन गरेको थिए तर शालिजा गाउँमा रहेको डैडाँडाको थानमा जान पाएको थिएन। शालिजा हुँदै मोटर बाटो हिँडे पनि डैडाँडा बजैको पूजा बारे बुझ्न र अवलोकन गर्ने समय मिलेको थिएन। २०८१ साल कार्तिक १२ गते डैडाँडा सम्बन्धी प्रारम्भिक अध्ययन गर्न पहिलो पटक शालिजाको डैडाँडामा बस्ने अवसर मिल्यो। यस सम्बन्धी समितिको पदाधिकारीसँग बुझ्ने अवसर मिल्यो। साथै डैडाँडा मण्डली मंसिरको ४ वटै शनिबार पूज्ने थाहा भयो। र, २०८२ साल मंसिर ६ गते शनिबार डैडाँडा पुज्ने अनुष्ठान हेर्न, बुझ्न मंसिर ५ गते बुझ्ने अवसर मिल्यो। डैडाँडा पूजा व्यवस्थापन समितिका अध्यक्ष, सचिवसँग पहिले पनि छलफल भएको थियो तर यो अवसरमा अन्तर्वार्ता समेत लिएँ। साथै डैडाँडामा विश्वास साथ पूज्न आएका व्यक्ति एवम् झाँक्रीहरूसँग पनि अन्तर्वार्ता र छलफल गर्न सम्भव भयो। यस पटकको डैडाँडाको पूजा पूज्ने बेला अनुष्ठानको सम्झना र प्रमाणको लागि फोटोग्राफी एवम् भिडियोग्राफी समेत छायाँकन गरियो।

## स्थलगत परिचय

शालिजा भन्ने गाउँ गण्डकी प्रदेशअन्तर्गतका विभिन्न जिल्लाहरूमध्ये पर्वत जिल्लाको जलजला गाउँपालिकामा पर्दछ। यसको सिमाना उत्तरमा म्याग्दी, दक्षिणमा बाग्लुङ/कुश्मा नगरपालिका, पूर्वमा मोदी गाउँपालिका र पश्चिममा म्याग्दी/बाग्लुङसँग सिमाना जोडिएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी प्रदेशको जनसङ्ख्या २४ लाख ६६ हजार ४ सय २७ रहेकोमा पर्वत जिल्लाको जनसङ्ख्या १ लाख ३० हजार ८ सय ८७ छ भने जलजला गाउँपालिकाको जनसङ्ख्या २१ हजार १ सय १९ रहेको छ। जसमा वडा नं. ६ को कुल जनसङ्ख्या १ हजार ८ सय १२ रहेकोमा पुरुषको जनसङ्ख्या ८ सय ९६ र महिलाको जनसङ्ख्या ९ सय १६ छ (केन्द्रीय जनसङ्ख्या विभाग, २०७८)।

साविकको शालिजा गाविस हाल जलजला गाउँपालिका वडा नं. ६ शालिजा गाउँ मगर बाहुल्य गाउँ हो। शालिजामा पुन मगर भित्रको उपथर पूर्जा, गर्बुजा, फगामी, खोरजा, पाइजा, चोचाङी, पहरे पुन मगरको बसोबास छ भने अन्य जातमा वि.क. र दर्जीहरूको केही घर छ।

वरपरका मगर केटाहरू भेला भएर सालेजो गीत गाउन आउँदा–आउँदै सालेजो गाउने गाउँ भएर यो शालिजा नाम रहेको हो भनिन्छ। शालिजाको डैडँरा मण्डलीको थान रहेको ठाउँलाई कसैकसैले डाइने लाग्ने डाँरा (अर्थात त्यहाँ पुग्दा पिर्ने डाँडा— डाइने डाँरा) भन्दाभन्दै डैडाँरा नाम रहन गएको हो साथै ५५ वर्षीय बीरबहादुर पाइजाका अनुसार पहिले डैडँरा मण्डलीलाई पूजा पूज्ने बेलामा त्यस डाँडामा धुँवा देखिँदासमेत पिर्छ भनेर मानिसहरू लुक्न जाने गर्दथे (पाइजा मगर, वीरबहादुर, २०८१)।

यहाँ पुग्न चार क्षेत्रदेखि मोटर बाटो पुगेको छ। शालिजाबाट पुर्व कुश्मा–बनौं– हल्जुरे–तारे हुँदै शालिजा गाउँ, शालिजादेखि दक्षिण मिलनचोकदेखि र पश्चिमतर्फ बेनी– मल्लाज– गैरीगाउँ– लेकफाँट, ओखरेनी हुँदै शालिजा मोटर बाटो पुगेको छ भने उत्तरतर्फ राम्चे गाउँ–नाङी– फलामेडाँडा हुँदै पनि शालिजा आउने मोटर बाटो खनिएको छ।

## समस्या कथन

परम्परागत धार्मिक–सांस्कृतिक अभ्यासहरू समुदायको पहिचान, सामाजिक एकता तथा सांस्कृतिक निरन्तरताका आधारस्तम्भ हुन्। तथापि आधुनिकीकरण,

बसाइँसराइ, सञ्चार विस्तार तथा राज्यस्तरबाट रैथाने संस्कृतिको संरक्षण र प्रवर्द्धनमा पर्याप्त ध्यान नपुग्नुका कारण यस्ता परम्परागत अभ्यासहरू क्रमशः कमजोर बन्दै गएको देखिन्छ । पर्वत जिल्लाको जलजला गाउँपालिका–६, शालिजा गाउँमा बसोबास गर्ने मगर समुदायले पूज्ने डैडाँडा मण्डली बजैको पूजा तथा त्यससँग सम्बन्धित लोकविश्वासको वर्तमान अवस्था, सांस्कृतिक तथा धार्मिक महत्त्व र संरक्षण प्रक्रियाबारे व्यवस्थित तथा तथ्यमा आधारित अध्ययन न्यून रहेको छ । यही अनुसन्धानगत रिक्तता यस अध्ययनको मूल समस्या हो।

## अनुसन्धान उद्देश्य

पर्वत जिल्लाको जलजला गाउँपालिका–६, शालिजा गाउँमा बसोबास गर्ने मगर समुदायद्वारा अभ्यास गरिँदै आएको डैडाँडा मण्डली बजैको पूजा तथा त्यससँग सम्बन्धित लोकविश्वासको सांस्कृतिक एवं धार्मिक महत्त्व, संरचनात्मक स्वरूप र वर्तमान अवस्थाको समग्र अध्ययन गर्नु यस अनुसन्धानको उद्देश्य रहेको छ।

## अध्ययन विधि

आदिवासी समाजका विविध पक्षमा लिखित दस्तावेज छैन् । मौखिक रूपमा नै पुस्तादरपुस्ता हस्तान्तरण हुँदै आएको सन्दर्भमा आदिवासीका मौखिक मिथक, लोककथाहरू आफ्नो समाजभन्दा बाहिरका व्यक्तिहरूले लेखिदिँदा बिगारेर लेखिदिने गर्दछन्। यसर्थ समाज भित्रबाटै स्वअध्ययन गरी यो लेख तयार गरिएको छ। यो अध्ययनमा गुणात्मक विधि अन्तर्गत व्याख्यात्मक विधिको प्रयोग गरी द्वितिय श्रोतबाट सङ्कलन गरिएका सामाग्रीहरूलाई व्यवस्थित र सिलसिलेबार ढङ्गले प्रस्तुत गरिएको छ। प्रस्तुत लेखको अध्ययन क्षेत्र पर्वत जिल्ला, जलजला गाउँपालिका वडा नं. ६, शालिजा गाउँका स्थानीय बासिन्दा तथा अगुवा व्यक्तिहरूसँग प्रश्नोत्तर, अन्तरवार्ता, सम्वाद र विचार विमर्श गरी सामग्री प्राप्त गरिएको छ । शालिजा गाउँबाट बसाई सराई गरी गएका व्यक्तिहरूलाई पनि यसमा समावेश गरिएको छ । बिशेषगरी फगामी मगरहरूको बायोको रूपमा उत्पत्ति भएका मण्डली बजै भएर विभिन्न स्थानमा बसोबास गर्ने फगामी मगरहरूलाई समेत यस अध्ययनको प्राथमिक श्रोतको रूपमा समावेश गरिएको छ । लेखक स्वयम् फगामी मगर र मगर संस्कृतिसँग नजिक रहेको हुँदा अध्ययन कार्यमा स्वअध्ययन तथा आफ्नै अवलोकन, निरीक्षण, ज्ञान र अनुभवको पनि सहज रूपमा प्रयोग गरिएको छ। यसभन्दा अगाडि प्रकाशित पत्रिका, पुस्तक यस लेखको द्वितीय श्रोतको रूपमा प्रयोग गरिएको छ।

## डैडँरा मण्डलीको उत्पत्तिको लोककथा

डैडँरा मण्डली पुन मगर भित्रको उपथर फगामीको छोरी हुन्। विगतमा काम गरेर थकान मेट्न क्षेत्रअनुसार केही नाम चलेका मेलाहरू (तीर्थ) लाग्ने गर्दथ्यो । आजभोलि गाउँपिच्छे मेला लाग्ने गर्दछ। लगभग ६ सय वर्ष अगाडि हालको म्याग्दी राम्चे गाउँदेखि माथि डाँडामा यो भेगको नाम चलेको दहको (तीर्थ) मेला लाग्ने गर्दथ्यो।

शालिजा गाउँबाट पनि त्यो मेलामा मान्छेहरू जाने गर्दा रहेछन् । शालिजाबाट फगामीको छोरी र उनका साथीहरू मिलेर उक्त दहको तीर्थ जाने सल्लाह गरेछन् । भर्खर बैस आएको उमेर र काम गरेको दुःख, कष्ट भुलेर तीर्थ गई केही क्षण साथीहरूसँग (रंग) रमाइलो गर्नेसल्लाह मिलेकोमा फगामीको छोरी खुसी भइछिन् । उनले तीर्थ जाँदा लगाउने नयाँ रातो खास्टो समेत तयार गरेर राखेछिन् ।

केही दिन पछि तीर्थ जाने समय भएछ । सबै साथीहरू त्यतिबेला चलेका लुगा लगाएर तीर्थ जान उनलाई बोलाउन घरमा आएछन्। फगामी छोरीको बाबा, आमालाई जति सम्झाउँदा पनि फगामीको छोरीलाई तीर्थ जान दिएन छन्। त्यसैले उनको साथीहरू सबै रमाइलो गर्दै तीर्थ हिँडेछन्।

तीर्थ जान नदिएको र तीर्थ जाने चाहना पूरा गर्न नपाउँदा उनलाई साह्रै दुःख लागेछ। शालिजा तल्लो र उपल्लो भागमा छुट्टिएर रहेको ठाउँ हो । पहिले तल्लो भूभागको गाम भन्ने ठाउँमा मात्र मानिसहरूको बस्ती रहेछ । उपल्लो भूभागमा घना वनजंगल भएको कारण

त्यता गोठ मात्र लैजाने गरिँदो रहेछ। फगामीको छोरीलाई साह्रै चित्त दुखेर तीर्थ जाँदा लगाउन तयार पारेको रातो खास्टो मधुसबाट भिकेर आँखाभरिआँसु र निराश भई गामको घरबाट निस्किएर उपल्लो भागको पाखामा रहेको ठुलो डेम्मरको हाँगामा रातो खास्टो बाँधेर भुण्डिएर देहत्याग गरेछिन् (पुन मगर, २०५७, पृ.१८)। धेरै पछि उक्त डेम्मरको रुख ढलेछ। उक्त ढलेको डेम्मरको रुखको जराबाट अर्को डेम्मरको रुख उम्रेर पनि अहिले धेरै बुढो भईसेकेको अवस्था छ।

**मृत्युपश्चात**

यो घटना भएपछि उपल्लो भेगको वनजङ्गलमा गोठ लैजाँदा, दाउरा घाँस गर्न जाँदा समेत विमार हुने घटना सुरु भएछ। किन यस्तो भयो भनेर फाँक्री धामीलाई हेराउँदा अविवाहित फगामीको छोरीको आत्मा डैडँरा मण्डलीको रूपमा उत्पत्ति भएको र उनको नाममा फुल, अक्षता, भुसा चढाई दिँदा ठिक हुन्छ भनेपछि सोहीअनुसार कार्य गरिदिँदा बिरामीहरू निको भएछन् । काम गर्न जाँदा पिर्न थालेपछि त्यस ठाउँलाई डाइने डाँडा भन्न सुरु गरेछन् । कालान्तरमा डैडाँरा भयो होला भन्ने अनुमान छ।

यस ठाउँमा पूजा पूज्न थालेपछि र यहाँ भाकल गरे सोचेको पुग्न थालेपछि पल्टनमा समेत विमार हुँदा शालिजा मण्डलीलाई भाकल गर्दा निको भएछन्। यसरी निको भएको हुँदा विदेशबाट फर्केपछि भाकल फुकाउन मानिसहरू यस ठाउँमा आउने गर्दा रहेछन्।

९८ वर्षीय डल्ली फगामी मगरको अनुसार मण्डली भनेको फगामीको छोरीको नाम हो । यिनी अविवाहित चेली भएको कारण आफ्नै फगामीको कुलमा (बायो) उत्रिइन । आफ्नो कुलमा बायोको रूपमा आईसकेपछि फगामी खलकले उनी भुण्डिएको डेम्मर रुखबाट अलि माथि उनको नाउँमा सानो ढुंगा र माटोबाट थपना (थान) बनाइदिएका थिए। हाल वि.सं. २०५७ सालमा जीतबहादुर पाइजाको संयोजकत्वमा सबै मिलेर नयाँ थान निर्माण गरिदिएका छन्।

मण्डली थानसँग ठोटनेरी गाउँको माहिली र कान्छी देउतिनीको थान छ। उनीहरू पनि अविवाहित मृत्यु भएको र फाँक्री बस्दा हामी तीनजनासँगै छौं भनेपछि उनीहरूको पनि सोही ठाउँमा थान बनाई दिएका रहेछन् । वि.सं. २०७३ सालमा माहिली देउतिनीको र वि.सं. २०७८ सालमा कान्छी देउतिनीको थान बनाइदिएका रहेछन्।

प्रायः जसो धामीभाँक्रीहरू डैडँरा मण्डलीलाई आफ्नो गुरू मान्दछन्। गुरू माने पश्चात धामीझाँक्रीहरू यिनै मण्डलीको नाउँमा तीन पटकसम्म गुरू पूजा गर्न आउनु पर्दछ । डैडँरा मण्डलीको पूजा मंसिरको पहिलो हप्ता शनिबारको दिनमा धामी, झाँक्रीबाट बिशेष रूपमा धुमधामसँग शालिजा मण्डलीलाई संस्मरण गर्ने गर्दछन् । व्यक्तिगत रूपमा पूजा गर्ने चाहनेहरूले उजेली पारेर शनिबारको दिन भेंडा वा बाख्राको पाठी बली चढाउँछन्। डिलमाया पुन मगरको अनुसार पूजा गर्दा कसै कसैले नौ बाजा वा अठार बाजासमेत लिएर आई धुमधामका साथ पूजा पूज्ने गर्दछन् (मगर, डिलमाया, २०८१)।

**डैडँरा मण्डलीलाई पूजा गर्ने तरिका**

बिशेष गरी मंसिर/जेष्ठ महिनाको पहिलो शनिबारको दिन मण्डलीको पूजा गरिन्छ। तर बाह्रै महिना पूजा गर्न पनि आउँदछन् । बार्नेहरूले अँधेरीलाई छेको गरी पूजा गर्न आउँछन् । तर नभ्याउने समयमा अँधेरीको बेलामा पूजा पूज्न आएर क्षमा माग्दै पूजा गर्ने पनि गर्दछन्। डैडँरा मण्डलीलाई वर्षमा लगभग ६ हजार पाठी र १२ हजार भालेहरूको बली दिइने अनुमान गर्दछन्— फगामी मगर हमबहादुर (फगामी मगर, हमबहादुर, २०८१)।

शालिजा घर भएकाहरूले अघिल्लो दिन— शुक्रबार गाईको गोबर र माटो मिसाएर घर लिपपोत गरि चोख्याइन्छ । हाल पानीमा तितेपाते राखेर घर चोख्याउँदछन् । पूजा गर्नेहरू नुहाएर चोखो कपडा लगाउँछन् । बेलुकीपख अगेनाको वरिपरि र सिरानमा कन्या केटीले गाईको गोबरले लिपपोत गर्दछन्। त्यसपछि कन्या केटीले धामी, झाँक्रीको सामा ल्याएर राख्दछ । झाँक्री आएर चोखो डालोमा आधा मकै भर्छन्। त्यही मकै माथि चरेसको थालमा चामल र भेटी (पैसा) राखी शुद्ध तोरीको तेलले कपनीमा दियो बालिन्छ। यो दियो, पूजा

नसकिँदासम्म निभ्न दिनुहुँदैन। यसैको वरिपरि झाँक्रीको सामाहरू मिलाएर राख्दछन्।

पूजा गर्ने मानिसले पहिले डैडँरा मण्डलीको गुरुलाई पूजा गर्नु पर्दछ। र, मात्र घरको आयोबायो भनी छुट्टै अर्को थालमा चामल भेटी राखेर दियो बालिन्छ। यो दियो पनि निभ्न दिनुहुँदैन। आफ्नो बायोलाई सम्झदै धजा झुण्डाउँदै अक्षता छर्दै आगोको कोइलामा घ्युको धुप हाल्नुपर्छ। बाहिरको छेउनेभेउनेलाई धजा अक्षताले सम्झिसकेपछि झाँक्रीले सामामा मण्डलीलाई धजा अक्षता चढाउँछन् र धामी, झाँक्रीले आआफ्नो तरिकाले विभिन्न देउतालाई सम्झी धुप बाल्दछन्।

यसरी धुपदीप गरिसकेपछि झाँक्री बस्न सुरु हुन्छ। रातभरि झाँक्री बसिसकेपछि भोलिपल्ट शनिबारको दिन विहान निगलाको टुप्पोमा धजा झुण्डाएर लिङ्गो बनाइन्छ। यो विवाह नगरेको केटाले सबैभन्दा अगाडि समाउनु पर्छ। त्यसपछि अबीरको टिका लगाई दिएर बाख्राको पाठी, कुखुरा समातेर अविवाहित केटाहरू उक्त लिङ्गो पछाडि लाइनमा बस्दछन्। जान चाहने भक्तजनहरू यी अविवाहित केटाहरू भन्दा पछाडि लाइनमा बस्नुपर्छ।

घरभित्रबाट झाँक्री बस्दै निस्कन्छन् र आफ्नो दाँयाबाट घरलाई तीनपटक घुम्छन्।झाँक्रीको पछिपछि सबै घुम्नुपर्छ। घरमा बस्ने व्यक्तिहरूले बालेर राखेको दियो निभ्न दिनुहुँदैन। खटिएका पूजारीहरूले थान लिपपोत गरि सफा राखेका हुन्छन्। त्यहाँ पुगेर मण्डलीको गुरुको नाममा रातोसेतो धजा अक्षता चढाइन्छ। त्यसपछि सिद्धलाई धजा अक्षता चढाएपछि छेउनेभेउनेलाई पनि धजा अक्षता चढाइन्छ।

टाढाबाट पूजा पूज्न आउनेहरू शनिबारकै दिन आउने भएकाले मण्डलीको थानलाई पाँरैहरूले (पूजारे) गोबरले लिपपोत गरी त्यसमा सेतो पहेंलो नौं रेखी हालेर त्यसमाथि रोटी, नौबेत चढाएर ठिक गरिराखेको हुन्छ। शालिजा मण्डली पूज्ने व्यक्तिले थानभित्र उनको नाउँमा हाल छिटको धजा, काइयो, चोक्ना, ऐना, फुल, टिको, चुरोट, छिटको कपडा चढाउँछन्। एक जोड छिटको धजा झुण्डाई अक्षता छर्दै आफ्नो इच्छाअनुसारको वर माग्ने वा भाकल पूरा गरिदिनु भएकोमा धन्यवाद सहित अक्षता पानीले पाठी मन्छ्याएर उनको नाममा बली दिइन्छ (पूर्जा पुन मगर, फिमला, २०६१)।

**माइली देउतिनीको कहानी**

माइली देउतिनी पर्वत जिल्ला जलजला गाउँ पालिका अन्तर्गत ठोटनेरी गाउँको अविवाहित पाइजाकी माइली छोरी हुन। उनलाई पनि घरबाट मेला जानु नदिएको हुनाले रिसको झोकमा उपल्लो ताल गएर जौ गहुँ कुट्दै रिस मार्ने मनसायले सोलीमा भारी बोकेर लौरो टेक्दै लिस्नुमा उक्लने क्रममा खुटटा चिप्लेर लिस्नुबाट खसिन्। लिस्नुको जरामा पिठो पिस्ने जाँतोको हतासोमा दाहिने कोखा बेस्सरी ठोक्किएर उनको मृत्यु भयो। यसैले पाइजा उपथरकी अविवाहित छोरी भएको हुनाले पाइजाको कुलमा वायो चढिन् र डैंडाँडाको मण्डलीलाई पूजा गर्दा माइली देउतिनी भनेर पूजा गरिन्छ।

**कान्छी देउतिनीको कहानी**

कान्छी देउतिनी माँझखर्क भन्ने गाउँको रत्नवीर पुनको अविवाहित पुनको कान्छी छोरी हुन् भन्ने धामी झाँक्रीहरूको ओखाबाट बुझिन्छ। उनलाई पनि घरबाट मेला जानु नदिएको हुनाले रिसाएर भेडाबाख्रा चराउन वनजंगलको पाखामा लिएर गए। रिसको झोंकमा पानी पर्दा ओढ्ने केही पनि नलिइकन गएको बेलामा दिउसो ठुलो असिना पानी परेछ। त्यसैले पानीले रुझेर निथ्रुक्कै परेर घरमा आइन। उनलाई धेरै ज्वरो आएपछि उनको मृत्यु भयो। कान्छी देउतिनीको पनि अकालमा मृत्यु भएको हुनाले आफ्नै उपथरको कुलमा वायो चढिन्।

समग्रमा यी तीनै जना देउतिनीहरू एउटै कारणवश अकालमा मृत्यु भएको थियो। काइली देउतिनीलाई रुखमा पासो लगाएर झुण्डिएको लासलाई छराटको ओडारमुनी बस्ने मणीभुमेले जगाएर वायो बतासमा परिणत गराएका थिए। त्यसैले डैडाँडा मण्डलीको गुरु पनि मणीभुमे र जिमीको धनी भए। माइली देउतिनीलाई जमिनमुनी गाडेर सतीगति गरेको समयमा जिमीको धनीले फेला पारेर जगाएर वायो बतास बनाएको हुनाले माइली देउतिनीको

गुरु जिमीको धनी भए । कान्छी देउतिनीलाई पनि जमीनमुनी गाडेर सतीगति गरेको बेलामा बनिस्खण्नले जगाएर वायो बतास बनाएको हुनाले बनिस्खण्न कान्छी देउतिनीको गुरु भए ।

उनीहरूको मृत्यु भएको एक वर्ष पुग्नु लाग्दा उनीहरूलाई धेरै भोक तिर्खा लाग्यो । कसैले पनि खाना पानी दिएनन् । उनीहरूले काइली देउतिनीको आमालाई दुःख दिन थाले । काइली देउतिनीले आमाको आँखा बन्द गरी दिने, घाँटी दुःखाइ दिने गरे । माइली देउतिनीले कोखा र पेट दुःखाई दिए । कान्छी देउतिनीले पूरा शरीर तताएर ज्वरो निकालेर खरो पारिन् ।

घरको मुल गृहणी बिमार भएपछि आखत लिएर जैसी बाजेको घरमा गए । जैसी बाजेले बाह्र पुस्तक खोलेर धुलो धुलाउटो कोरी हेर्दा तीन जना देउतिनीहरूले जालजेल गर्न थाले । त्यसैले जैसी बाजेले सही भाउ खुट्याउनु सकेनन् । जैसी बाजेले भनेअनुसार (छेदवेद) बोक्सीलाई शितल पातलोको भाउँदो बनाएर दोबाटोमा चढाउँदा पनि निको भएन । त्यसकारण मनचिन्ते नाम गरेको झाँक्रीलाई आखत हेराए । मनचिन्ते झाँक्रीले देवधाम चलाएर भने "यो मदौरोलाई दुःख पिडा दिने (छेदवेद) बोक्सीहरू होइनन् । यिनीहरू त ठुलोठुलो देवी देवता भएर खेल्नु सक्ने, आयो वायो, जलमुलको भएर खेल्नु सक्ने, मोरो डाइनी, भूतप्रेत भएर छल गर्नसक्ने देउतिनीहरू हुन । उनीहरू जिउँदो छँदा आफ्नो मनको धोको, ईच्छा, रहर पूरा गर्नु नसकेर उराठ वैरागमा रुखमा पासो लगाएर मरेकी तिम्री छोरी, घरको लिस्नुबाट खसेर मरेकी ठोटनेरीको पाइजाको छोरी र बालो व्यथा लागेर मरेकी माँझखर्क भन्ने गाउँको पुनकी छोरी हुन । तिम्रो छोरीलाई आफुले पासो लगाएर मरेको रुख माथिडाँडामा थपना बनाएर डैडाँडाको मण्डली भनेर मृत्यु भएको बार शनिबार पारेर पूजा गर्नु । उनको गुरुहरू जिमीको धनीलाई तीन बर्ने अण्डाले पूजा गर्नु । मणीभुमेलाई सक्छ भने बाख्राको बोका नसकेमा कुखुराको भालेले पूजा गर्नु । तिम्री काइली छोरीलाई बाख्राको पाठीले पूजा गरेर टाउको थानमाथि चढाउनु । जहान परिवारले पनि चाडपर्वमा डैडाँडा मण्डली भनेर सम्झना गर्नु । डैडाँडा मण्डलीले पनि जहान परिवार, पशुपंक्षी, बालीनालीको भलो रक्षा गर्नेछन्" भनेर मनचिन्ते झाँक्रीले आफनो आखतमा भने अनुसार पूजा गरे । यसै गरेर माइली देउतिनी र कान्छी देउतिनीहरूको घरमा पनि धामी झाँक्रीद्वारा देव चलाउँदा उनीहरू पनि उतरेर "हामीलाई पनि डैडाँडा मण्डलीसित पूजा गर्नु । हामीहरूलाई कुखुराको पोथीले हाम्रो गुरुलाई कुखुराको भालेले पूजा गर्नु" भनेपछि सोअनुसार पूजा गर्नु थाले ।

यसरी तीन वटा देउतिनीहरूको पूजा गर्दै गर्दा अन्य थर उपथरका मान्छेहरूले यस्तो पूजाको प्रसाद खायो भने वायो सर्छ । धामी झाँक्री भइन्छ । पूजा गरेको हेर्‍यो भने नराम्रो हुन्छ भनेर मुख छोपेर हिड्ने पनि गर्दथे तर आजकल सबै थर उपथरका मान्छेहरूले मानमर्यादाको साथ भव्य रूपमा पूजा गर्ने गर्दछन् ।

**माहिली देउतिनी र कान्छी देउतिनी**

माहिली देउतिनीलाई ठोटनेरी गाउँको पाइजाको छोरी र कान्छी देउतिनी चाहिं पुनको छोरी भनिन्छ । माहिली देउतिनी र कान्छी देउतिनी दुवैलाई छिटको धजा, चुरोट, ऐना, चोक्ना, काइयो र फलफुल चढाइन्छ । कान्छी देउतिनी जसले मण्डलीको कुटुरो बोकेर हिंड्ने गर्छिन् भनिन्छ । यिनीहरू दुवैलाई कुखुराको पोथी बली दिइन्छ । यिनको गुरू दुवैलाई एक जोड रातोसेता धजा, ढाल, तरबार, धनुष काँड र बासेको भाले वा बोका बली दिने गरिन्छ भने माहिली देउतिनीको गुरू जिमीको धनीलाई भाले वा बोका बली दिइन्छ । यसरी बली दिने काम सकिएपछि झाँक्रीहरू झाँक्री बस्छन् भने कुनै कुनै झाँक्रीहरू रुने गर्दछन् । पूजा सकिएपछि त्यहाँ चढाएको धजाले सबैलाई 'खोई सातो आयो' भन्दै धजा घाँटीमा बाँधिदिने गरिन्छ ।

**डैडाँडामा स्थलगत अवलोकन** (**२०८२ मंसिर ६ गते**)

रूपन्देहीको ठुटेपिपल बसोबास गरिरहेकी रमा पुन (३८ वर्ष, नाम परिवर्तन) की शरीर (आङ) मा लगभग १ वर्षदेखि उनको बजै जो पहिले झाँक्री थिइन् । उनको पुसै

(ससुरा) दमलाल पहरे पुन मगर (७१ वर्ष) को पुर्ख्यौली मालिका गाउँपालिकाको पोनथोक भएता पनि सानै छँदा बाबाको मृत्युपश्चात आमाले तराई लिएर गएकी रहेछन् । त्यसैले उनलाई पनि गाउँका बारेमा त्यति थाहा रहेनछ त्यसैले उनको कान्छी बुहारीको आङमा उनको माइती बजै उत्रेर सताउँदा के–कसो गर्ने भन्ने कुरा थाहा भएन। यसरी महिनाैं दुःख पाएपछि उनलाई शालिजा डैडाँरा थानमा लिएर गएपछि ठिक हुन्छ भन्ने कुरा रूपन्देही भलुहीका उनका आफन्तले भनिदिए पछि कहाँ हो— शालिजा, के कसो गर्नु पर्छ भन्ने कुरा सोधखोज गर्दै समय लाग्यो।

२०८२ साल मंसिर महिनाको पहिलो शनिबार पर्वत जिल्ला, जलजला ६, शालिजामा डैडाँरा पूजा पूज्दछन् भन्ने जानकारी प्राप्त गरि बन्दोबस्तसहित मंसिर ४ गते विहीबार उनीहरू शालिजा पुग्छन्। रमा (३८ वर्ष), उनको छोरा (५ वर्ष), रमाको दिदी चम्पा श्रीस मगर (४५ वर्ष) र दमलाल पुन (७१ वर्ष) मगर।

रमा पहरे पुनको माइतीपट्टिको बजै गर्बुजा मगरको छोरी ७ वर्षको हुँदा उहिल्यै, शालिजा बसोबास रहेको अवस्थामा ७ दिनसम्म हराएर झाँक्री बनेका रहेछन् । गर्बुजा मगरकी छोरी फगामीसँग विवाहपश्चात ४ भाइ छोरामध्ये १ को मृत्यु भएर हाल ३ भाइ छोराहरूको रूपन्देहीको ठुटेपिपलमा बसोबास रहेछ। रमा र चम्पा— फगामीको छोरीमध्ये उनीहरूको बजैले रमाको शरीर (आङ) रोजेर करीब १ वर्षदेखि उनलाई अप्ठ्यारो गरेका रहेछन् र समाधानको लागि शालिजा गाउँ आएका रहेछन्।

मंसिरको प्रत्येक शनिबार शालिजामा डैडाँडा पूज्ने भएता पनि पहिलो शनिबार अझ फगामी भाइखलकको समेत गरि पूजा पूज्ने भएकाकारण बिशेष हुन्छ भन्ने जानकारी पाएपश्चात डैडाँरा देउतिनी बजैलाई छिटको धजा, काइयो, चोक्ना, ऐना, टिका चढाएर स्मरण गर्न एवम् पूजा सम्बन्धी भिडियो छायाँङ्कन गर्न पूर्ख्यौली शालिजा हाल पोखरा बसोबास गरिरहेका देब चोचाङी र म त्यता जाने छलफल भएअनुरूप देव बिहीबार काठमाडौंबाट पोखरा आएर शुक्रबार शालिजा जाने यात्रा आरम्भ गरेर हामी शालिजा पुग्यौं।

२/३ ठाउँबाट शालिजा पुग्ने बाटो भए पनि हामी कुश्मा कटेर अर्मादीबाट माथि गयौं, हल्जुरे, देउराली, तारे र शालिजा जाने आधा पक्की, आधा कच्ची मोटर बाटोबाट हुँदै जाने निर्णय भएअनुरूप अर्मादीबाट उकालो लाग्यौं। मंसिर महिना यही बाटो भएर हामी दुई जना नै नागी गाउँ पुगेका थियौं। त्यो बेलाको बाटो भन्दा यो पटकको कच्ची बाटो धेरै राम्रोसँग मर्मत गरेका रहेछन्। हल्जुरेमा विश्राम गरेर तातो चिया खाम्ला है भन्ने सल्लाह गरेका थियौं। हल्जुरेको एकमात्र हामेस्टे बन्द रहेछ। तर देवले कुश्मा किनेको सुन्तला र स्याउ नजिकैको चौतारीमा बसेर खाँदै केही बेर गफ गऱ्यौं। मंसिर महिनामा यहाँ आउँदा पानी परिरहेको थियो। होमस्टेको ढोका पनि खुल्ला, तातो चिया खाएर होमस्टे सञ्चालन गरिरहनु भएकी कुस्मति पूर्जासँग कुराकानी गरेका थियौं। यहाँ २५/३० घर छ तर हाल ८/१० घरमा मात्र मानिसहरू छन् रे। कोही विदेश गए, कोही श्रीमान विदेश गएर छोराछोरी पढाउन सहर झरे। अहिले त हामी बुढाबुढीहरू मात्र हल्जुरेको जग्गा कुरेर बसेका छौं, उनले मनको बह हामीसँग पोखेका थिए।

दुवैतिर जङ्गलको बीचबाट हल्जुरे, देउराली, तारे हुँदै अन्तमा शालिजाको एक व्यवस्थित होटलमा हाम्रो शुक्रबारको यात्रा टुँगियो। डैडाँरा मण्डली थान व्यवस्थापन समितिका सल्लाहकार पुर्व वडा अध्यक्ष हमबहादुर फगामी मगरलाई होटल बुक गरिदिन अनुरोध गरेका थियौं। सोहीअनुरूप यो हाम्रो बासस्थान कन्फर्म भएको हो । होटलको रुममा झोला राखेर तातो चिया खाई डैडाँरा मण्डली थान व्यवस्थापन समितिका सचिव वीरबहादुर पाइजा मगरको घरतर्फ गयौं र भोलिको पूजा कार्यक्रम बारे जानकारी लियौं। होटलमा रूपन्देहीको ठुटेपिपलबाट आएका दमलाल पुनसँग कुराकानी भएको थियो— कान्छी बुहारीले गुरु थाप्नको लागि शालिजा आएको भन्ने कुरा गरेका थिए। हामी दमलाल पुनको बुहारीलाई केन्द्रमा राखेर छायाँकन गर्ने सल्लाह गरिसकेका थियौं।

शालिजा वा डैडँरा मण्डलीको थानमा पूजा पूज्न आउने व्यक्तिहरूको सुविधाको लागि डैडँरा मण्डली थान व्यवस्थापन समितिले पूजा पूज्ने जिम्मा दिएका पुन

मगर (पाँरे) पूजारीहरूले विहान करीब ७ बजेबाट थानमा सरसफाई लिपपोत गर्ने काम सुरु गरिरहेका थिए । सरसामग्री, लिङ्गो, धजा, अक्षता, फूलपाती चढाएर फगामी भाइ खलकको पूजा सुरु गरेर मात्र अन्यको पूजा हुने व्यवस्था रहेछ। यसो गर्नुको कारण चाही डैडँरा देउतिनी बजै पुन मगर भित्रको उपथर फगामीको छोरी भएर पहिलो पूजा फगामी मगरहरूले गर्ने रहेछन्। अविवाहित चेली झुण्डिएर मृत्यु भएको कारण आफ्नै फगामीको कुलमा (बायो) उत्रिइन। आफ्नो कुलमा बायोको रूपमा आईसकेपछि फगामी खलकले उनी झुण्डिएको डेम्मर रुखबाट अलि माथि उनको नाउँमा सानो ढुङ्गा र माटोबाट थपना (थान) बनाई दिएका थिए।

डैडाँरा मण्डली बजैको थान माथि शालिजा मा.वि.को गेट अगाडि मोटर बाटोमा २ जिप चढेर पूजा गर्न आइसकेका थिए। यता ४ जना पाँरे बनेका व्यक्तिहरूको हात झन छिट्टो चल्न थाल्यो। फगामी भाइ खलकको पूजा आइसकेको थिएन त्यसैले अझ फर्खन आग्रह गरिरहेका थिए। केही क्षण रोक्न खोज्दाखोज्दै पाठा लिएर थान घुम्न थालिसकेका थिए । त्यतिकैमा फगामी भाइखलकको पूजा र सरसामाग्रीहरू पनि आइपुग्यो। बाटोमा पञ्चेबाजा लिएर पूजा गर्न आएको क्याङको जिपबाट झरेर बाजा घन्काइरहेको थियो । हेर्दाहेर्दै डैडाँरा भरि पूजा गर्न आउनेहरूको भिडले भरियो। फगामी भाइखलकको पूजा सुरु गरि बली दिएपश्चात त अन्यको पनि पूजा खुल्यो र पाँरेहरूले पूजा गरि बलीदिने काम गरिरहेका थिए।

रूपन्देहीबाट पहिलो पटक आएका रमाको दिदी मण्डली थानको प्राङ्गणमा के गर्ने हो केही थाहा भएन भन्दै थिए । त्यतिकैमा पाँरे आएर सरसामाग्री मध्येबाट धजा समातेर भुईमा बसिरहेका रमाको हातमा थमाइदिए । रमाको शरीरमा कम्पन सुरु भयो र आँशु पुछ्दै रुन थालिन् । उनकी दिदी चम्पाले भन्न थालिन्– लौ हामीलाई केही थाहा भएन, ल्याएका सरसामाग्री सबै ठिक छ ? आँखा चिम्म गरि बसेकी उनकी बहिनी उमाले ठिक छ भनिन्। बजै उत्रिनु भएको छ त्यही भएर सोधेको भनिन। खुशी हुनुहुन्छ ? उता आँखा चिम गरेकी रमाले म खुसी छु भनिन। त्यतिखेरैमा रुँदै १ जना भए पनि छोरा आएको भए भन्दै रुँन थालिन्।

सानो छँदा ओडारमा लुकाएको भएर अब म ओडारमा जान्छु भन्दै उठ्न थालिन। ओडार कता छ भन्न नभ्याउँदै मलाई थाहा छ भन्दै रमाले भन्न थालिन् । एकैछिनमा पाँरेले पानी लिएर आई रमालाई छ्यापेपश्चात निधारमा टिका लगाइदिएपश्चात उमाको शरीरमा कम्पन अलि हल्का कम भएर होश आएजस्तो गरिन् र पूजाको सामाग्री तयार गरि पाँरेसँग थानतर्फ जान तरखर गर्न थालिन।

पोखरा अर्चलबोट बस्ने हलहलेको टोली पुर्ख्यौली लिएर आउँदै थिए भिड धेरै भएर थान बाहिरनै थान घुम्न प्रतिक्षा गरिरहेका थिए। रमाले पनि पूजा सामाग्री चढाइसकेछन् र ओडार जान तयार गर्दै थिए– जिज्ञासु म दिदी बहिनीसँग पछि लागे। थानको अलि तल पहिलेको पूरानो डेम्मरको रुख मरेर त्यसैबाट अर्को रुख आएर पनि धेरै वर्ष भइसकेको रहेछ। रमा त्यही रुखमुनी गएर ध्यान दिएर हेर्दै थिए । उनको दिदीले भनिन– यही ठाउँ हो तपाईलाई लुकाएको ? आँखा चिम गरि रुन थाल्दै हो भन्ने इसारा गरिन्। भित्र भित्रै के–के फलाकिन् आखिरमा बजै तपाई यही बस्नुस्, म बोलाउँला भन्दै आँखा चिम गरि शिरमा दुवै हात लगेर रुखको मुनी ढुङ्गाले छेकेको ओडारतिर देखाइदिइन र रमाको शरीरमा कम्पन पनि हराएर गयो। दिदीले डेम्मरको रुख यही हो भनेर सोधिन् ? रुखलाई हेर्दै यो होइन ? त्यो रुख त तेर्श्री परेर गएको थियो भन्दै खोज्न थालिन्। त्यो रुख मरेर यो रुख पलाएको हो रे के भन्दै दिदीलाई भनिदिएँ।

रमाको शरीरमा होस आएझैँ गरेपछि आफ्नो बजैको सामाग्री थानमा राखिएको रहेछ त्यो लिएर रूपन्देही लगेर थपना गर्ने भन्दै थान भित्र गएर खोज्न थालिन। निकैबेर खोजेपश्चात बजैको गजा पाएर खुशी भइन्।

## निष्कर्ष

आदिवासी समुदायको मौलिकता भनेको ती समुदायको मौखिक इतिहास, परम्परागत रीतिथिति, संस्कार, जीवन जिउने प्रथाजनीत चालचलन, भाषा,

ज्ञान, सीप, कला आदि अन्य समुदाय वा आधुनिक समाजभन्दा फरक, विशेष एवम् मौलिक हुन्छ। नेपालको विभिन्न भुभागमा बसोबास गर्ने मगरहरूको जनसङ्ख्या र जनघनत्व मात्र धेरै छैन् कि मगरहरू भित्रका इतिहास, परम्परा र भाषिक, साँस्कृतिक मौलिकता पनि जीवित र संरक्षण गर्न आवश्यक छ। बिना प्रचारप्रसार शालिजामा अवस्थित शक्तिपिठको रूपमा रहेकी डैडाँरा मण्डलीको आस्था एवम् जनविश्वास घट्दो क्रमभन्दा बढ्दो क्रममा छ। डैडाँरा मण्डलीलाई पूजा गऱ्यो भने मनले चिताएको इच्छा पुग्ने विश्वास समाजमा अझ बढ्दैछ।

मण्डली शब्दको अर्थ शब्दकोशमा ईसाई धर्मको चर्च भन्ने अर्थ आउँदो रहेछ। जब कि शालिजा मण्डलीसँग इसाइ धर्मको कुनै साइनो छैन। अन्य लेपन नलगाइकन डैडाँराको मण्डलीको मौलिकतालाई जीवित राख्ने एवम् डैडाँरा मण्डलीको महिमा बारे प्रचारप्रसार गर्ने कार्य यस भेगमा बसोबास गर्ने व्यक्तिहरूको मात्र नभई नेपाल सरकार संस्कृति मन्त्रालय, गण्डकी प्रदेश सरकार एवम् जलजला गाउँपालिकाको समेत जिम्मेवार हो। तर सरकारी स्तरबाट कुनै सहयोग प्राप्त नभएको र अहिले सम्म भएका विकास सबै स्थानीय स्तरबाट भएको जानकारी शालिजा मण्डली थान समितिका अध्यक्ष वीरबहादुर पाइजा मगर बताउँछन्।

गाउँ ठाउँको डाँडा, तालतलैयामा रहेका यस्ता पितृ देउता, बायोहरू समाजमा नाम चलेर प्रचलित हुँदै गए यसलाई हिन्दूकृत गर्ने चलन नेपालमा मौलाइरहेको छ। एतिहासिक डैडँरा मण्डली थान पनि डैडँरा मण्डली देवी मन्दिर भनेर परिवर्तन हुन गइरहेको छ। यसो नगरीकन यसको आफ्नो मौलिकताअनुसार विकास र प्रचारप्रसार गरे डैडाँडाको महिमा अझ बढ्ने छ।

## सन्दर्भ सामग्रीहरू


केन्द्रीय जनसङ्ख्या विभाग. (२०७८). *राष्ट्रिय जनगणना, २०७८*. नेपाल सरकार।

पाइजा मगर, वीरबहादुर. (२०८१, मंसिर ४). *शालिजा गाउँ. पर्वत* (व्यक्तिगत अन्तर्वार्ता)।

पाइजा मगर, वीरबहादुर. (२०८१, मंसिर १५). शालिजामा डैडाँडा मण्डली. *HimalKhabar*.

पुर्जा पुन मगर, प्रितिमाया. (२०६१). *फिमलाः शालिजा मण्डलीको ऐतिहासिक पक्ष*।

पुन मगर, महावीर (सम्पा.). (२०५७). पुन मगरका लोक कथाहरू (भाग २). *डैडाँरा मण्डलीको पूजाको चलन कसरी सुरु भयो ?* (पृ. १८)।

पुन (पाइजा) मगर, डिलमाया. (२०८१, कार्तिक १२). *शालिजा गाउँ. पर्वत* (व्यक्तिगत अन्तवार्ता)।

फगामी मगर, हमबहादुर. (२०८१, कार्तिक १२). *शालिजा गाउँ. पर्वत* (व्यक्तिगत अन्तर्वार्ता)।